फोन नं. ०७९-५२०१५० ,
फोन/फ्याक्स नं: ५२०४५७

# रेसुङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तम्घास, गुल्मी
५ नम्बर प्रदेश, नेपाल

प.सं. ०७७/०७८
चलानी नं. Ref. No

मिति:२०७७/०५/१०

**प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- (२०७७/०५/१०)**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस रेसुङ्गा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | प्राविधिक सहायक | सहायक पाँचौं | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क)सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको

(ख)**अनुभव र सिपः**- प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सिप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग)उमेरः- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२.दरखास्त दिने स्थानः**- रेसुंगा नगरपालिकाको कार्यालय

**३.दरखास्त दिने अन्तिम मितिः**- २०७७/०५/२४ कार्यालय समय भित्र

**४.आवेदन दस्तुरः** रु. १०००/- (एक हजार)

**५.दरखास्त फारम पाइने स्थानः**-नगरपालिकाको कार्यालय वा www.pmep.gov.npबाट डाउनलोड गरि प्राप्त गर्न सकिने छ ।

**६.छनौटको किसिमः**-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

**७.आवेदन साथ संलग्न कागजातहरुः**- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रतिलिपि
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

**८.सेवा सुविधाः**- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा(११),(१२)र(१३)बमोजिम हुनेछ।

**९.पदले सम्पादित गर्नु पर्ने कार्यविवरणः**- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा(९)बमोजिम हुनेछ ।

नोटः- विस्तृत जानकारीको लागि ९८४१०५२०१२ मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत